श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।६।२२ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, (प्राविधिक) (उप-सचिवस्तर) स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग सगरमाथा अञ्चल अस्पताल राजविराजका डा. अशोकानन्द मिश्रलाई निजामती सेवा ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश (ख) बमोजिम पर्चा खडा गरी निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (२) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।६।२२ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह, राजपत्राङ्कित तृतीय श्रेणी, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, रिजर्भ पुलका मेडिकल अधिकृत डा. जितेन्द्र महासेठलाई निजामती सेवा ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश (ख) बमोजिम पर्चा खडा गरी निजामती सेवा नियमावली, २०२१ को नियम १०. ६ (२) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।

आज्ञाले,

चन्द्रकला किरण

श्री ५ को सरकारको का.मु. सचिव

---

### भूलसुधार

खण्ड ३५ मिति २०४२।१०।१४ संख्या ४१ को नेपाल राजपत्र भाग ३ को पृष्ठ ३८ मा प्रकाशित यस मन्त्रालयको सूचनाको तेस्रो हरफको "व्यक्तिहरूले" हुनु पर्नेमा "नेपाली नागरिकहरूले" हुनगएको र नेपाली नागरिकताबाट हटाइएको व्यक्तिको नाम र ठेगाना महलको नं. १ को पहिलो हरफमा "प्रधान" हुनुपर्नेमा "प्रसान" हुन गएकोले भूलसुधार गरिएको छ ।

गृह मन्त्रालय

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०